नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(जग्गा प्रशासन)

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्स: ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

प.सं. २.१./ज.प्र./०७९।८०।ज.टि.३३५९।/४८
च.नं. ९६९

मिति:- २०७९।०४।३१

विषय: <u>भुउपयोग नियमावली कार्यान्वयन सम्बन्धमा।</u>

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

भूमि तथा भूमिस्रोतको संरक्षण, समूचित उपयोग र प्रभावकारी व्यवस्थापनका लागि भूउपयोग ऐन, २०७६ र नियमावली, २०७९ को व्यवस्था भएको छ। खाद्य (सम्प्रभुता) अधिकारको सुनिश्चितता, कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि, किसानको कृषि भूमिमा सहज पहुँच, वातावरण संरक्षण, जलवायु परिवर्तनको कारणबाट पर्ने असरहरुको न्यूनिकरण, गरिवी निवारण, व्यवस्थित आवासको व्यवस्था र पूर्वाधारको विकासमा यो ऐन तथा नियमावलीले सहजता ल्याउने छ। भूउपयोग नियमावली, २०७९ कार्यान्वयनका लागि यस मन्त्रालयबाट तत्काल गर्नु पर्ने नीतिगत निर्णयहरुको कार्यान्वयनका लागि सम्वन्धित विभागहरुमा मिति २०७९।०२।२७ मा निर्देशन/परिपत्र जारी गरिएको एवं यस मन्त्रालयको च.नं. १६४२ मिति २०७९।०२।३० मा तँहा मन्त्रालयमा समेत पत्राचार भएको व्यहोरा अनुरोध छ। भूउपयोग नियमावली, २०७९ कार्यान्वयनमा विषयगत निकायहरुको जिम्मेवारीलाई थप स्पष्ट गरी कार्यान्वयन गर्न स्थानीय तहहरुको प्रमुख भूमिका हुने हुँदा देहाय अनुसारको विषयमा सवै स्थानीय तहहरुलाई जानकारी गराउने व्यवस्था हुन नेपाल सरकार (माननीय मन्त्रिस्तर) मिति २०७९।०४।११ को निर्णयानुसार अनुरोध छ।

<u>देहाय:</u>

१. भूउपयोग नियमावली, २०७९ र मन्त्रालयबाट मिति २०७९।०२।३० मा तँहा मन्त्रालयमा भएको पत्राचार तथा यस मन्त्रालय मातहतका विभागहरुमा मिति २०७९/२/२७ मा भएको परिपत्र अनुसार जग्गाको किसिम, कृषि क्षेत्र र गैर कृषि क्षेत्र छुट्याउने।
२. कृषि क्षेत्र र गैर कृषि क्षेत्र छुट्याउने प्रयोजनको लागि भूउपयोग नक्सा डाटा तत् तत् स्थानीय तहहरुमा उपलब्ध गराई सकिएको भए पनि पुनः माग भै आएमा नापी विभागले निशुल्क उपलब्ध गराउन सकिने व्यहोरा जानकारी गराउने ।
३. कृषि क्षेत्र र गैर कृषि क्षेत्र तोक्नका लागि प्राविधिक सहयोग आवश्यक पर्ने देखिएमा नापी विभाग अन्तर्गतको स्थलरुप नापी तथा भूउपयोग व्यवस्थापन महाशाखामा सम्पर्क गर्न जानकारी गराउने।

MLC

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्स: ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

४. उपयोग नियमावली, २०७९ को नियम ३ अनुसार आफ्नो क्षेत्रमा भूउपयोग कार्यक्रम संचालन गर्नको लागि आवश्यक तयारी पुरा गरेपछि प्रत्येक स्थानीय तहले यस मन्त्रालयमा अनुरोध गरी पत्र पठाउनु पर्ने दायित्व स्थानीय तहको भएकोले सो को तयारी गर्न गराउन निर्देशित गर्ने ।
५. भूउपयोग कार्यक्रम संचालन गर्नको लागि प्राविधिक सहयोग आवश्यक पर्ने देखिएमा नापी विभागमा सम्पर्क गर्ने । नापी विभागले उपयुक्त प्राविधिक जनशक्ति विषयगत कार्यालय वा विभागबाट उपलब्ध गराइने व्यहोरा जानकारी गराउने ।
६. भूउपयोग ऐन, २०७६ को दफा १८ बमोजिम गठन हुने स्थानीय भूउपयोग परिषद्लाई सक्रिय बनाई सहयोग गर्न सोही ऐनको दफा २० बमोजिमको सवै स्थानीय तहमा स्थानीय भूउपयोग कार्यान्वयन समिति गठन गर्ने प्रक्रिया अगाडी बढाउन जानकारी गराउने ।
७. भूउयपोग नियावली कार्यान्वयनका लागि तालिम/गोष्ठीको आवश्यकता भई माग भई आएमा भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेलले आवश्यकतानुसार तालिम/गोष्ठी/सेमिनार संचालन गराउने व्यहोरा जानकारी गराउने।
८. सम्वन्धित विषयगत मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह वा अन्तर्गतका कर्मचारीहरुलाई भूउपयोग नीति, ऐन र नियमावली कार्यान्वयनका लागि MTOT र TOT जस्ता कार्यक्रम संचालन गर्न आवश्यक भएमा भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रले कार्यक्रम संचालन गर्ने व्यहोरा जानकारी गराउने।

२०७९।४।३१
(प्रकाशराज श्रेष्ठ)
शाखा अधिकृत